बैठक नं.३

आज मिति २०८३/०६/२६ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |

अरुण कुमार श्रेष्ठ - का.वा. वडाध्यक्ष - ४
चिनै श्रेष्ठ - का.वा. वडाध्यक्ष - ६
कुल प्रसाद [illegible] - का.वा. वडाध्यक्ष - १५

प्रस्ताव नं ३.१

मिति २०८३/०५/११ मा बसेको नगरकार्यपालिकाको दोस्रो बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं ३.१

- मिति २०८३/०५/१० गतेका दिन रसुवा जिल्लाको रसुवागढी नाका हुँदै आएको वाढीका कारण ठूलो जनधनको क्षति भएको हुँदा वाढीबाट प्रभावितहरुको उद्धार र पीडित परिवारहरुको राहत प्रयोजनका लागि बुटवल उपमहानगरपालिकाको तर्फबाट रु.५१ लाख पठाउने गरी निर्णय लिईएको, वाढी प्रभावितहरुको उद्धार प्रयोजनका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको, बुटवल उपमहानगरपालिकाका प्रमुखज्यूको तर्फबाट १५ दिन वरावरको पारिश्रमिक र अन्य सवै जनप्रतिनिधिहरुको तर्फबाट ५ दिन वरावरको पारिश्रमिक उपलब्ध गराउने निर्णय लिइएको ।
- मिति २०८३/०५/१० गतेका दिन आएको उल्लेखित वाढी पहिरोमा ठूलो जनधनको क्षति भएको हुँदा मानवीय संवेदनालाई मध्यनजर राखी १३ दिन सम्म कुनै पनि मनोरन्जनात्मक कार्यक्रमहरु नगर्नका लागि उपमहानगरवासीहरु एवं सम्बन्धित सवैमा अनुरोध गर्ने गरी निर्णय लिईएको र सवै क्षेत्रबाट निर्णयमा एक्यवद्धता समेत जनाएको पाइएको ।
- बुटवल उपमहानगरपालिका वडा नं.१८ स्थित उपमहानगरपालिकाबाट संचालित आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि बुटवल उपमहानगरपालिकाको नाममा उपभोग प्राप्ती प्रकिया अगाडि बढाइदिनका लागि सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- बुटवल-४ स्थित लक्ष्मी मा.वि.को विद्यालय परिसर भित्रको पर्खाल जिर्ण भई भत्किएको हुँदा विपद् व्यवस्थापन कोषबाट तत्काल मरमत प्रक्रिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- नेपाल सरकार, अर्थ मन्त्रालय र नेपाल सरकार पूर्वाधार विकास मन्त्रालयबाट अनुरोध भई आए बमोजिम एशीयाली विकास बैंकको आयोजनामा मिति २०८३/०८/१४ गते देखि मिति २०८३/०८/१८ गते (३० नोभेम्वर २०२६ देखि ४ डिसेम्वर २०२६) सम्म थाइल्याण्डमा हुने गोष्ठीमा सहभागी हुन बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री दीपक ज्ञवाली सहभागी हुन जाने गरी भएको नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरिएको ।
- उल्लेखित मितिमा आएको वाढीका कारण घाइते हुनु भएकाहरुको शीघ्र स्वास्थ्य लाभको कामनाका साथै दिवंगत हुनु हुने सवैको आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति मिलोस भनी शोक प्रस्ताव पारित गरिएको ।

**प्रस्ताव नं. ३.२**

**बजेट कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं ३.२**

चालु आर्थिक बर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमको रकम त्रैमासिक विभाजन हुँदा अघिल्लो त्रैमासिक अवधिमा गर्नुपर्ने केही कार्यक्रमको रकम पछिल्लो त्रैमासिक अवधिमा विभाजन भएको भए कार्यकमको आवश्यकता, महत्व, माग र कोषको अवस्था समेतलाई विचार गरी त्यस्ता कार्यक्रमहरुलाई अघिल्लो त्रैमासिक अवधिमा कार्यान्वयन गर्न सक्ने गरी कार्यालयलाई अधिकार प्रदान गर्ने र सो विषय अनुमोदनका लागि आगामी नगरसभाको अधिवेशन वैठकमा पेश निर्णय गरियो ।

**प्रस्ताव नं. ३.३**

**बार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ३.३**

बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८३/०८४ का लागि स्वीकृत विनियोजन ऐन, २०८३ को मापदण्ड एवं परिधि भित्र रही निर्दिष्ट तालिका बमोजिम कार्यान्वयन प्रकिया अगाडि बढाउने गरी कार्यालयबाट पेश हुन आएको वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.४**

**बार्षिक कार्यसञ्चालन तालिका स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ३.४**

बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८३/०८४ का लागि स्वीकृत विनियोजन ऐन, २०८३ बमोजिमका आयोजनाहरु, परामर्शसेवा लगायतका अन्य कार्यक्रमहरु संचालनका लागि तयार भई पेश हुन आएको देहायको कार्यसञ्चालन तालिका स्वीकृत गरी सोही बमोजिमको कार्यान्वयन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.५**

**मेशीन सञ्चालन निर्देशिका स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ३.५**

बुटवल उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट दैनिक उत्पन्न हुने स्वास्थ्यजन्य फोहोरमैलाको उचित ढंगले बिसर्जन गरी मानिसहरुको जनस्वास्थ्यमा पर्न सक्ने असरलाई कम गर्नका लागि स्वास्थ्यजन्य फोहोर व्यवस्थापन मेशीन संचालनका लागि पेश हुन आएको

स्वास्थ्यजन्य फोहोर व्यवस्थापन मेशीन सञ्चालन सम्बन्धी निर्देशिका, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.६**

**वायु प्रदुषण कार्ययोजना स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ३.६**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र बढ्दो वायु प्रदुषण नियन्त्रण गरी नगरवासीको स्वास्थ्य सुरक्षा गर्न, वातावरण संरक्षणका लागि स्वच्छ हावा कार्यक्रम संस्थागत रुपमा अघि बढाउन आवश्यक देखिएकोले कार्यालयबाट तयार भई पेश हुन आएको नगरस्तरीय वायु प्रदुषण व्यवस्थापन कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.७**

**विद्युतीय कामकारवाहीहरुलाई निरन्तरता दिनका लागि वजेट विनियोजन गरिएको हुँदा उक्त निर्णय अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं ३.७**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र शान्ति सुव्यवस्था कायम गरी नगरवासीहरुलाई चाडपर्वको समयमा सुरक्षित महशुस गराउन र शहरको सौन्दर्यीकरणलाई निरन्तरता दिँदै उज्यालो बुटवल कार्यक्रमलाई सफल बनाउनका लागि बुटवल उपमहानगरपालिकाका वडा नं.१ देखि १९ सम्मका सबै वडाहरुका सडकबत्तीसंग सम्बन्धित विद्युतलाई निरन्तर व्यवस्थित बनाई राख्न आवश्यक विद्युत सामग्री र जनशक्ति व्यवस्थापनका लागि चालु आ.व.को स्वीकृत विनियोजन ऐन, २०८३ अन्तर्गत बजेट पुस्तिकाको सि.नं.११८४ र ११८५ अन्तर्गत सडक बत्तिका लागि जनशक्ति व्यवस्थापन विभिन्न वडाका लागि शीर्षकमा विनियोजित रकमबाट खर्च हुने गरी वडा नं.१ देखि १० र १२ देखि १९ सम्मका वडाहरुलाई रु.५ लाख र वडा नं.११ को लागि रु.१० लाखका दरले उपलब्ध गराउने गरी भएको नगर प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.८**

**"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।**

**निर्णय नं ३.८**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को छ (१०) तथा बुटवल उपमहानगरपालिकाबाट स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम ३ सँग सम्बन्धित अनुसूची ५ बमोजिम योग्यता भए/नभएको सम्बन्धमा गठित सिफारिस समितिबाट नयाँ इजाजतपत्रका लागि सिफारिस भई पेश भएका

देहाय बमोजिमका फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | फर्मको नाम | ठेगाना |
|---|---|---|
| १ | एस. के इन्जिनियरिङ्ग बुटवल | बुटवल- ९ |
| २ | मेघा फोर्सहोल्डिङ्स प्रा.लि. | बुटवल- ११ |
| ३ | एप्रो विल्ड प्रा.लि. | बुटवल- ४ |

प्रस्ताव नं. ३.९

**प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएकाहरुको नियुक्ति सम्बन्धमा ।**

निर्णय नं ३.९

प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश बुटवल अन्तरवार्ता तथा सिफारिस शाखाको च.नं.२९१ मिति २०८३/०६/२० गतेको प्राप्त पत्रानुसार स्थानीय निजामती सेवा अन्तर्गत स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत नवौं तह उपसचिव/उपनिर्देशक पदमा स्थायी नियुक्तिका लागि सिफारिस भई आएका देहायका व्यक्तिहरुलाई लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १८ को उपदफा १ अनुसार देहाय बमोजिम मिति २०८३/०६/२० गते देखि ज्येष्ठता कायम हुने गरी मिति २०८३/०६/२६ गतेदेखि नियुक्ति गर्ने निर्णय गरियो ।

| सि.नं. | नामथर | ठेगाना | पद | तह | सेवा/समूह | पदस्थापन |
|---|---|---|---|---|---|---|
| १ | गणेश भट्टराई | तिलोत्तमा न.पा.-३, रुपन्देही | उपसचिव/उपनिर्देशक | अधिकृतस्तर नवौं | स्थानीय प्रशासन सामान्य प्रशासन | बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय |
| २ | गंगा प्रसाद पन्थी | बुटवल उपमहानगरपालिका -१२, रुपन्देही | उपसचिव/उपनिर्देशक | अधिकृतस्तर नवौं | स्थानीय प्रशासन सामान्य प्रशासन | बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय |

प्रस्ताव नं. ३.१०

तालिम सम्बन्धी विषय अनुमोदन सम्बन्धमा ।

निर्णय नं ३.१०

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, प्रशासन शाखा,धुलिखेल काभ्रेपलाञ्चोकको च.नं.१४६ मिति २०८३/६/५ को प्राप्त पत्रानुसार मिति २०८३/६/१२ गते देखि संचालन हुने प्रदेश तथा

स्थानीय तहमा कार्यरत ईन्जिनियरिङ्ग सेवा, सर्भेसमूहका कर्मचारीहरुका लागि १ (एक) वर्ष अवधिको जुनियर नापी तालीममा यस कार्यालयका अधिकृत छैटौंका त्रिदेव बुढाथोकी छनौट भएको हुँदा कार्यायलबाट पेश भई आए बमोजिम उक्त १ (एक) बर्षे जुनियर नापी तालीममा यस कार्यायलका अधिकृत छैटौं (प्रा.) त्रिदेव बुढाथोकीलाई सहभागिताका लागि पठाउने निर्णय अनुमोदनका साथै उक्त अवधिको तलव सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३.११ बिविध ।

प्रस्ताव नं.३.११.१

योजना कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं ३.११.१

बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८३/०८४ मा बुटवल उपमहानगरपालिका वडा नं. १ देखि १९ सम्म कार्यान्वयनका लागि छनौट भएका वडास्तरीय एवं नगरस्तरीय योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा केही योजना तथा कार्यक्रममा विनियोजित रकम न्यून हुँदा निर्माण कार्य अधुरो रहने अवस्था र कुनै योजना तत्काल निर्माण एवं मर्मत नगर्दा स्थानीय समुदायलाई दैनिक जीवन यापनमा नै समस्या पर्न जाने देखिएको हुंदा नगर क्षेत्रका सो प्रकृतिका योजनाहरुको लागि माग भई आएका बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८३/०८४ को बजेट, नीति तथा कार्यक्रमको खर्च शीर्षक नं. ३११५१ को पूँजीगत भैपरि शीर्षकमा विनियोजित रकम रु.९९,९९,०००।- बाट खर्च हुने गरी मिति २०८३।०६।०७ मा भएको नगरप्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने निर्णण गरियो ।

प्रस्ताव नं. ३.११.२

बाघभैरव मन्दिर व्यवस्थापन तथा संचालन कार्यविधि स्वीकृत सम्बन्धमा ।

निर्णय नं ३.११.२

कार्यालयबाट तयार भई पेश हुन आएको बुटवल उपमहानगरपालिकाद्धारा संचालित वडा नं.१ स्थित बाघभैरव मन्दिर संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३.११.३

बुटवल-१२ स्थित सिस्नेप्लेट टोल विकास संस्था दर्ता सम्बन्धमा ।

निर्णय नं ३.११.३

बुटवल उपमहानगरपालिका अन्तर्गत वडा नं.१२ मा दलित, विपन्न तथा पीडित समुदायको वसोवास रहेको र घरधुरी आवद्ध रहेको सिस्नेप्लेट टोल विकास संस्था दर्ताका लागि १२ नं.वडा

कार्यालयको क्रमशः प.सं.०८३/०८४ च.नं.२३८ मिति २०८३/०४/२१ र प.सं.०८३/०८४ च.नं.७६९ मिति २०८३/०६/०५ को संलग्न सिफारिस र बुटवल उपमहानगरपालिकाबाट जारी टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७४ (पाँचौं संशोधन २०८१) को परिच्छेद ३ को ७ नं.बुदाको १ नं.मा भएको विशेष भौगोलिक अवस्था र घरधुरी समेटिन नसक्ने अवस्था समेतका आधारमा उल्लेखित सिस्नेप्लेट टोल विकास संस्थालाई दर्ता प्रक्रियामा आवद्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३:११:४

बैक ग्यारेन्टि रकम सम्बन्धमा ।

निर्णय नं. ३:११:४

बुटवल उपमहानगरपालिका वडा नं. १६ स्थित बैठौलिया कपरकट्टी ताल सञ्चालन तथा व्यवस्थापनका लागि आयठेक्कामा दिने/लिने बुटवल उपमहानगरपालिका र श्री स्वाभिमान कन्सट्रक्सन प्रा.लि., शुद्धोधन २, रुपन्देही बीच मिति २०७८/०९/१४ मा भएको सम्झौताको अवधि २०८३/०७/०९ गतेबाट समापन हुने, श्री स्वाभिमान कन्सट्रक्सन प्रा.लि., शुद्धोधन २, रुपन्देहीले सम्झौता बमोजिम बुझाउनुपर्ने चौथो र पाचौं किस्ताको रकम नबुझाएकाले बैक ग्यारेण्टीबाट उक्त रकम दाखिला गर्नका लागि बैंकलाई पत्राचार गर्ने व्यवस्था मिलाउनका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिका समक्ष सिफारिस गर्ने भनी मिति २०८३/०६/१४ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिमको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ३:११:५

सेवाशुल्क तथा मनोरन्जन कर सम्बन्धमा।

निर्णय नं. ३:११:५

बुटवल उपमहानगरपालिका वडा नं. ३ मा वेस स्टेसन राखि सञ्चालनमा रहेको लुम्बिनी केवलकारको सञ्चालन सुरु भएको लुम्बिनी प्रदेश आर्थिक ऐनको दफा ४ सँग सम्बन्धित अनूसूची ३ को बुँदा नं. ३ को व्यवस्था बमोजिम तीन वर्षसम्मको मनोरञ्जन कर छुट रहेको, सो अवधि समाप्त भैसकेको र चालु आर्थिक वर्ष २०८३/०८४ को शुरुवात देखि मनोरञ्जन कर वापत् लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८३, को दफा ४ बमोजिम मनोरञ्जन कर वापतको ५ प्रतिशतको रकम मध्ये 2.5 प्रतिशत रकम बुटवल उपमहानगरपालिकालाई भुक्तानी गर्नुपर्ने हुँदा यस अघि मिति २०८०/०३/२० गते बुटवल उपमहानगरपालिका र लुम्बिनी केबलकार प्रा.लि.बीच सेवा शुल्क संकलन तथा व्यवस्थापन सम्बन्धी दुईपक्षीय सम्झौता बमोजिम टिकट बिक्रीबाट प्राप्त आयको १ प्रतिशत

रकम सेवाशुल्क वापत् बुझाउँदै आएकामा चालु आर्थिक वर्ष ०८३/०८४ देखि लागु हुने गरी उक्त सम्झौता पुन: लेखन गर्ने र लुम्बिनी केबलकार प्रा.लि.सँग मनोरन्जन कर मात्र लिनका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिका समक्ष सिफारिस गर्ने भनी मिति २०८३/०६/१४ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिमको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ३:११:६

कवाडीजन्य सामाग्रीका सम्बन्धमा।

निर्णय नं. ३:११:६

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयले कवाडीजन्य सामग्रीको संकलन तथा निकासी सम्बन्धी कर संकलनका लागि आयठेक्का आहवान गरी कवाडी कर संकलन कार्य सुरु गरिसकेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ र बुटवल उपमहानगरपालिकाको आथिक ऐन, २०८३ को दफा ६, अनूसूची ४ मा कवाडीजन्य वस्तुमा नगरपालिकाले कवाडी कर लगाउन सक्ने व्यवस्था रहेको। फेमस स्टील उद्योग, बुटवलले स्टेनलेस स्टीलजन्य कवाडी निर्यात गर्दै आएको र सो निर्यातजन्य कवाडीमा कवाडी कर नलगाउन अनुरोध गरी मिति २०८३/०६/०६ को दर्ता नं. ३४२५ मा निवेदन पेश भएको, नेपालबाट अन्य देशमा निकासी अनुमति लिई निकासी हुने कवाडीजन्य सामाग्रीमा कवाडी कर लाग्ने भएकाले सोको जानकारी सम्बन्धित व्यावसायिक संस्थाहरुमार्फत सम्बन्धित कवाडीजन्य वस्तु निर्यात गर्ने व्यवसायीहरुलाई समेत जानकारी गराउने व्यवस्था मिलाउन अनुरोध गर्ने बुटवल उपमहानगरपालिकाबाट निकासी हुने र नेपालबाट विदेश निकासी हुने विषय फरक/फरक भएकाले बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन तथा सम्झौता बमोजिम नै कवाडीजन्य सामाग्रीको कवाडी कर लाग्ने अनिवार्य कानुनी दायित्व भएकाले सोही अनुसारका लागि भनी मिति २०८३/०६/१४ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट समेत सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ३:११:७

आयठेक्का सम्बन्धमा ।

निर्णय नं. ३:११:७

बुटवल उपमहानगरपालिकाको वडा नं. ०९ स्थित लुम्बिनी बसटर्मिनलमा रहेको सपिङ्ग कम्प्लेक्स भित्र भुई तलामा रहेका सटर नं. १९, २०, २२ र २३ को सम्झौता अवधि २०८३ साल आश्विन मसान्तमा समापन हुने, सटर नं. २१ को सम्झौता अवधि २०८३ साल कार्तिक मसान्तमा समापन हुने हुँदा सटर नं. १९, २०, २२ र २३ को सम्झौता अवधिको म्याद २०८३ साल कार्तिक मसान्तसम्म साविककै शर्त

... महिनामा उक्त सटरहरुको मर्मत सम्भार गरी ब्रहालका लागि आयठेक्का प्रक्रिया अगाडि बढाउन बुटवल उपमहानगरपालिका नगरकार्यपालिका समक्ष सिफारिस गर्ने भनी मिति २०८३/०५/१७ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस समेत भई आएको हुँदा सोही बमोजिम हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ३:११:८
सटर उपलव्ध गराउने सम्बन्धमा ।
निर्णय नं. ३:११:८

बुटवल उपमहानगरपालिकाको वडा नं. ०९ स्थित लुम्बिनी बसटर्मिनलमा रहेको सपिङ्ग कम्प्लेक्स भित्र दोस्रो तलामा रहेको सटर/कोठा कोठा नं. ५१ मिति २०७८/०८/२९ मा बुटवल उपमहानगरपालिका र ग्लोबल आई. एम्. इ. बैंक बीच भएको द्विपक्षीय बहाल सम्झौता बमोजिम प्रयोग गर्दै आएकोमा उक्त कोठामा विगत वर्षदेखि नै पानी चुहिरहेको मर्मत सम्भारका लागि अनुरोध भएकोमा हालसम्म मर्मतसम्भारको कार्य नभएकोले उक्त कोठामा भण्डारण गरिएका कागजातहरु भिजेर नष्ट भएकाले कागजात भण्डारणका लागि समस्या भएको र एउटा कोठा थप गरिदिन मिति २०८३/०५/१० मा दर्ता नं. १९४५ को निवेदन मार्फत सटर/कोठा माग गरेकाले निर्माण पश्चात हालसम्म पटक/पटक टेण्डर आह्वान गर्दा समेत बहालमा लाग्न नसकेको सटर/कोठा नं. ३८ ग्लोबल आई एम् इ बैंकलाई पर्न गएको समस्या समाधानार्थ थप उपलब्ध गराउन बुटवल उपमहानगरपालिका नगरकार्यपालिका समक्ष पेश गर्नका लागि सिफारिस गर्ने भनी मिति २०८३/०५/१७ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस समेत भई आएको हुँदा सोही बमोजिम हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ३:११:९
बहाल सम्झौता नवीकरण सम्बन्धमा।
प्रस्ताव नं. ३:११:९

निर्णय नं. १.३: बुटवल उपमहानगरपालिकाको वडा नं. ०९ स्थित लुम्बिनी बसटर्मिनलमा रहेको सपिङ्ग कम्प्लेक्स भित्र रहेका पहिलो तलामा रहेको कोठा नं. ३७ र दोस्रो तलामा रहेको कोठा नं. ५१ को प्रयोगका लागि मिति २०७८/०८/२९ मा बुटवल उपमहानगरपालिका र ग्लोबल आई. एम्. इ. बैंक बीच भएको द्विपक्षीय बहाल सम्झौताको अवधि म्याद २०८३ साल कार्तिक मसान्तमा सकिने, द्विपक्षीय बहाल सम्झौताको बुँदा नं. ०४ को व्यवस्था बमोजिम ग्लोबल आई. एम्. इ. बैंकले हाल तिर्दै आएको बहालमा १० प्रतिशतले बहाल बृद्धि गरि द्विपक्षीय बहाल सम्झौताको बुँदा नं. २५ बमोजिम पुनः ५(पाँच) वर्षका लागि बहाल सम्झौता नविकरण गर्नका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिका समक्ष पेश गर्नका लागि सिफारिस गर्ने भनी मिति २०८३/०५/१७ मा बसेको राजश्व परामर्श समितिको

... सिफारिस समेत भई आएको हुँदा सोही बमोजिम हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ३:११:१०
वडा नं.१२ मा सञ्चालित ढुवानीग्राम क्षेत्र भित्रका संरचना बहालमा लगाउने सम्बन्धमा ।
नं. ३:११:१०

सार्वजनिक निजी साझेदारी मोडलमा बुटवल उपमहानगरपालिका वडा नं. १२ मा सञ्चालित ढुवानीग्राम सञ्चालनका लागि रुपन्देही परिवहन प्रा.लि. र बुटवल उपमहानगरपालिकाबीच भएको सम्झौता बमोजिम सञ्चालनमा रहेकोमा रुपन्देही परिवहन प्रा.लि. ले आफ्नो एकल संस्थागत निर्णयबाट ढुवानीग्राम सञ्चालन भैरहेको पाइएकाले, कानूनी रुपमा बैधानिक तवरले उक्त ढुवानीग्राम सञ्चालनका लागि आवश्यक कार्यविधि बनाउन र ढुवानीग्राम भित्र रहेका भेहिकल सर्भिस सेन्टर, मेडिकल र क्यान्टिनको संरचना समेत बहालमा लगाउने व्यवस्था मिलाउनका लागि आवश्यक निर्णय गर्न बुटवल उपमहानगरपालिका नगरकार्यपालिका समक्ष पेश गर्नका लागि सिफारिस गर्ने भनी मिति २०८३/०५/१७ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिंफारिस समेत भई आएको हुँदा सोही बमोजिम हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ३:११:११
अनुसूची स्वीकृत गर्ने सम्बन्धमा ।
निर्णय नं. ३:११:११
आर्थिक एनको दफा १० अन्तर्गत अनूसूची -८ बमोजिम भौतिक पूर्वाधार विकास सेवा शुल्क प्रयोजनार्थ फारमः स्वीकृति गरी सम्बन्धित वडा कार्यालयहरुबाट कार्यान्वयन प्रक्रिया अगाडि बढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभाको अधिवेशन बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३:११:१२
शुभकामना ।
निर्णय नं. ३:११:१२
नजिकिँदै गरेको वडादशैं २०८३, दीपावली, नेपाल सवत, र छठपर्वको अवसरमा देश विदेशमा रहनु हुने सबै उपमहानगरवासीहरुको सुस्वास्थ्य एवं दीर्घायुको कामना सहित वडादशैं २०८३खुशियालीपूर्वक मनाउने अवसर मिलोस भनी सबै उपमहानगरवासीहरुमा यो बैठक हार्दिक शुभकामना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

२०८३/६/२३